# लण्डनको केन्द्रमा गीतकार बसन्त चौधरीसँग

*गोविन्द वेल्वासे*

तीन तीन वटा एल्वमका सर्जक। जो आफ्नो विविध परिचयमध्ये एक गीतकारको परिचय बनाइसकेका छन्। सांगीतिक क्षेत्रमा पनि चिसोको पर्यायबाची बोकेको लण्डन, २५ डिग्री सेल्सियसमा रमाइरहेको त्यो दिनमा लण्डनको केन्द्रमा उनीसँग साहित्यिक बार्तालाप भयो। दशौं तल्लाको कोठाबाट लण्डनका धेरैजसो घरहरु फुच्चे लाग्थे। त्यो उचाईमा हाम्रो सम्वाद उनका गीतमा केन्द्रित हुँदै गयो। सम्वाद संगीतमा केन्द्रित हुँदै गर्दा गीत र त्यसको श्रोताको बीचको विभेद छुट्टयाउने प्रयास पनि सुरु भयो। सम्वादका मुख्य पात्र थिए आफ्नो दोस्रो र तेस्रो एल्वम मेरो हातमा थमाइदिने बसन्त चौधरी। कसको प्रेरणाले उनी गीतकार बने भन्ने हेक्का नै नपाई बच्चैबाट उनका हृदयले गीतको रहर बोकाएको रहेछ।



उनका रचनालाई गीत बनाएर गाउनेहरु थुप्रै छन्। सत्यराज आचार्य, निमा रुम्बा, विष्णु चेम्जोङ, स्वरुपराज आचार्य, सिने गुरुङ, रामकृष्ण ढकाल, प्रतिभाराज भण्डारी, दीपक खरेल र योगेश अमात्यले गाएका गीतहरु संगालेर उनले 'माया पिरतीका गीतहरु' भन्ने एल्वम निकालेका रहेछन्। त्यही एल्वमको 'शान्ति लुकाउ कहाँ ?' भन्ने गीत अनेक गायकहरुले गाएका छन्। यस्तै एल्बमहरु बेचेर मोटरसाइकल किनौला भन्ने जस्ता धोको बोकेर यो क्षेत्रमा लागेका व्यक्ति होइनन् उनी। गीत संगीत क्षेत्रमा लाग्ने धेरै नेपालीको धोको मोटरसाइकल किन्ने रहरलाई तारो बनाएर सुरु हुने भए पनि उनलाई यी एल्वमबाट कमाउनु भने छैन। यस अघि 'तिम्रो नाममा' भन्ने एल्वममा आत्मशान्तिका गीतहरुको संगालो आरोहण गुरुकुलका लागि म्यूजिक नेपालले प्रस्तुत गरिसकेको छ, उनको। त्यसभन्दा अघि निस्केको 'माया बल्भेछ' भन्ने एल्वम उनको पहिलो एल्वम थियो। संगीतको लय उतार चढाव र क्षितिजका बारेमा ज्ञान नभएको मलाई उनले गीतमा मेलोडीबारे धेरै कुरा बताए। रत्नदास, हरिप्रसाद रिमालका गीतहरुको त उनी आशिक नै रहेछन्। अहिलेका गीतहरुमा ...बाँकी सातौं पातामा

# क्रिकेटको नयाँ रुप : ट्वान्टी २० विश्वकप

*महेश अधिकारी*

भलाद्मी र धनाढ्यहरुको खेल मानिने क्रिकेट खेल रोमाञ्चक र ग्ल्यामरस बन्दै गएको कारण यसको नयाँ संस्करणका रुपमा ट्वान्टी २० कपको जन्म भएको छ। साधारणतः पाँच दिन लामो टेष्ट सेरिजको रुपमा जन्मिएको यो खेल एक दिने म्याचबाट अब २० ओभरमा मात्र खेलाएर दर्शकलाई मनोरञ्जन र सन्तुष्टि प्रदान गराउने खेलका रुपमा यसले चाँडै नै लोकप्रियता कमाएको छ। क्रिकेटको क्रेज चरम सीमामा पुगेको भारतमा यो खेल व्यवसायको रुपमा विकास भएको छ। युरोप भरका देशहरुमा चलेका फुटवल क्लवहरुजस्तै भारतमा ट्वान्टी २० क्रिकेट क्लवमा ठूलो धनराशीको लगानी हुने गरेको छ। भारतीय धनाढ्यहरुको लगानीमा सञ्चालित यी क्लवहरुमा विश्वका लगभग सबै जसो प्रमुख तथा चर्चित क्रिकेट खेलाडीहरुलाई समेटिएको छ। अष्ट्रेलियाका सेन वार्नदेखि इङ्ग्ल्याण्डका केभिन पिटरसन तथा एण्ड्रयू फिन्टफ पनि भारतीय क्रिकेटमा सामेल भएका छन्। बलिउड सिने जगतका धनाढ्य मध्येमा पर्ने शाहरुख खानले कलकत्ता नाइट राइडर्समा ठूलो पैसा लगानी गरेका छन् भने प्रिति जिन्टाले पञ्जाव ११ मा लगानी गरेकी छिन भने चर्चित नायिका शिल्पा सेठ्ठीले राजस्थान रोयल्स चलाएकी छिन्। गत महिना आयोजना गरिएको यी क्लवहरुको ट्वान्टी २० कप श्रीलंकामा खेलाडीहरुमाथि गरिएको आतंककारी बम आक्रमणका कारण सुरक्षाको दृष्टिकोणले दक्षिण अफ्रिकामा खेलाइएको थियो। यति छिट्टै दोस्रो वर्षको यस ट्वान्टी २० कपले अत्यधिक सफलता पाउनुको साथै क्रिकेट फ्यानहरुलाई पुरा मनोरञ्जन दिन सफल भएको छ।

गत जुन ५ तारिख शुक्रवारदेखि इङग्ल्याण्डमा सुरु भएको विश्वकप (ट्वान्टी २०) क्रिकेटको विजेताको दावेदारको रुपमा भारतलगायत, अष्ट्रेलिया, आयोजक राष्ट्र इङल्याण्ड तथा न्यूजिल्याण्डलाई लिइएको छ। हालसम्म भएका प्रतियोगिताहरुमा इङ्ल्याण्डले पहिलो खेलमा नेदरल्याण्डलाई पराजीत गऱ्यो भने पाकिस्तानसँगको खेलमा विजय हासिल गरेको छ। भारतले शनिबारको खेलमा बंगलादेशसँग विजय हासिल गरेको छ भने दक्षिण अफ्रिकाले पनि स्कटल्याण्डबिरुद्ध पहिलो जीत हात पारको छ।

### फ्रेन्च ओपनमा फ्रेडेररको सपना पुरा

फ्रेन्च ओपन टेनिस प्रतियोगिताको पुरुष एकलको फाइनल खेलमा स्विट्जरल्याण्डका रोजर फ्रेडेररले आइतबारको फाइनल खेलमा सहज जीत हात पारेका छन्। यस जीतले पीट साम्प्रासको १४ ग्राण्डस्लाम जितलाई बराबरी गरेका छन्। दोस्रो बरियतामा रहेका रोजरले हालसम्मको फ्रेन्च ओपन जित्ने अधुरो सपना पनि अब पुरा भएको छ। पहिलो बरियतामा लामो समय टिकेका रोजर राफायल नाडालले आफ्नो पहिलो स्थान खोसेपछि राफायलको छायाँमा परेका थिए। उता शनिबार भएको महिला एकलको फाइनलमा श्वेतलान कुज्नेत्सोवा फ्रेन्च ओपन विजेता भएकी छिन्। सन् २००४ को यू.एस.ओपन च्याम्पियन कुज्नेत्सोवाको यो दोश्रो ग्राण्डस्लाम विजय हो।

# बेलायतमा भकुण्डो खेल

*शेरबहादुर ईङ्नाम*

आसफोर्ड, ७ जुन/आसफोर्ड केन्टमा सम्पन्न भएको दोस्रो यलम्बरहाङ-कप प्रतियोगितामा थरक नेपाली गोर्खा समुदाय (टीएनजीसी) को भब्य सहभागिता रहेको थियो। ५३ र १६ सिटे दुई बस साथै सात ब्यक्तिगत कारमा खेलाडी र दर्शक गरी एकसय पन्ध्र भन्दा बढी मानिसहरूले एउटै भेकबाट भाग लिएका थिए। शुरुशुरु तिरको भ्याटरन र नन-भ्यटरन समूहहरू पराजय हुन पुगे पनि अन्तिम तिरको सरन पन्धाकद्धारा व्यवस्थित अन्डर थर्टिन 'समूह ए' ले प्रथम स्थानमा विजयता हारिल गरी कप कब्जा गर्न सफल भएका छन् भने 'समुह बी' ले पनि तेस्रो स्थान कायम गरी एक-एक वटा तक्मा भ्रुण्ड्याउन सफल भएका छन्। विजय हासिल केवल विजय मात्र थिएन; मुख्य खेलमा बराबरी भई, दश-दश मिनटको थप खेलमा समेत बराबरी नै हुनगएकोले प्यानल्टी किक् गराउन परेको थियो। यस प्यानल्टि किकमा छः गोलको बिरुद्ध सात गोलले 'टीएनजीसी अन्डर थर्टिन ए' ले 'हान्स्लो एफ सी' लाई पराजित गरेका थिए। "खेलाडी कस्तो, काँड जस्तो; डिफेन्स कस्तो, खम्बा जस्तो, किपर कस्तो चुम्बक जस्तो" भन्ने लात्तेभकुण्डो खेलको नारा भ्रैं टीएनजीसीका बाल खेलाडी किपर वरकहाङ तुम्बाहाम्फे भकुण्डो आफूतिर बेगियो कि साच्चिकै चुम्बक जस्तो देखिन्थे। कोही सिन्के दुब्लापातला त कोही दुधमुखी कलिला भने कोही लिलिपुट होचा देखिने ग्रेज नेपाली समुदायका बाल खेलाडीहरू (ए टिम) मा इनेश गुरुङ, वरकहाङ तुम्बाहाम्फे, आसिक तुम्बापो, इन्द्र लिम्बू, लरेन्स पन्धाक, नामसाङ् तुम्बाहाम्फे, नोबेल पन्धाक, सिगल इस्बो, यलम्बर हाङ्सरुम्बा र विवस नेम्बाङ थिए भने टिम बी मा अशिम लिम्बू, बिस्नु ब्लोन, लासाङ् तुम्बाहाम्फे, रुपक राई र सुहाङ् तुम्बाहाम्फे थिए र यिनीहरूले दर्शहरूलाई भरमग्दुर मनोरञ्जन गराएका थिए भन्नमा निसन्देह अतिरञ्जन नहोला।

ओभर एटिन खेलाडीको बिषयमा कुनै पनि विजयको स्थान लिन नसक्नुको मुख्य कारण एक कुशल खेलाडी सख्त घाइते बन्न पुग्नु थियो। विपक्ष दलका खेलाडीको अञ्जान हनाइबाट घुप्लुक्क लड्नु भएको रोशन राई प्रिमियरशिपको घाइते नाटक जस्तो थिएन। उनी मामुली औषधमुलो र मालिसले नतङ्ग्रिने अबस्थामा देखे पछि सेन्टजोन्स एम्ब्युलेन्सले चित्तखाएकै स्थलदेखि विलियम हार्बि अस्पताल केन्टमा पुऱ्याइएको थियो। घटनाबाट दाहिने गोलिगाँठो खराबी ...बाँकी सातौं पातामा












## सत्ताधारी दलमा ...

माधावकुमार नेपाल र कंग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबीच पटकपटक भएको छलफल निश्कर्षविहीन हुँदै आएको छ। कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको महाराजगंजस्थित निवासमा हुने छलफलमा एमाले र कांग्रेसबीच मन्त्रालय बाँडफाँटको बारेमा सहमति नजुटेका कारण छलफल निश्कर्षविहीन भएको हो।

एमाले र कांग्रेसबीच जलश्रोत मन्त्रालय, गृह मन्त्रालय र अर्थमन्त्रालयमा सहमति जुट्न नसकेको बताइएको छ। यी छलफल सहमतिमा नपुगेपछि पार्टी भित्र छलफल गरी छिट्टै सहमति कायम गर्ने सहमति भएको छ। कांग्रेसका महामन्त्री विमलेन्द्र निधीले एमालेमा नै आन्तरिक सहमति हुन नसक्दा बाँडफाँट नमिलेको बताएका छन्। एमाले महासचिव ईश्वर पोखरेलले भने गठबन्धन दलहरुबीच सहमतिको प्रयास भइरहेको प्रतिक्रिया दिए। मन्त्रालय बाँडफाँटको विषयमा दलहरुबीच कुरा नमिल्दा सरकार निर्माण भएको १८ दिन बितिसक्दा पनि सरकारले पूर्णता पाउन सकेको छैन।

उता संविधानसभामा सबैभन्दा ठुलो दलको हैसियत पाएको माओवादीले आन्दोलनका कार्यक्रम अनुसार विरोध जारी राखेको छ। माओवादीको विरोधका कारण संसदको वैठक नियमित अबरुद्ध हुँदै आएको छ।

यसैबीच माधवकुमार नेपाल नेतृत्वको सरकारले पूर्ववर्ती सरकारले अवकास दिएका नेपाली सेनाका आठ जना रथी (जर्नेल) को म्याद थप्ने निर्णय गरेको छ। हालै बसेको मन्त्रिपरिषद बैठकले उनीहरुको म्याद थपेको हो। मन्त्री प्रकाशशरण महतका अनुसार सरकारले अवकास पाएका जर्नेलहरुको म्याद थप गर्नु उपर्यूक्त ठानी सैद्धान्तिक सहमति दिने निर्णय भएको छ। बैठकमा रक्षामन्त्री विद्यादेवी भण्डारीले सैनिक मुख्यालयबाट प्राप्त आठ जर्नेलको म्याद थप्न आवश्यक रहेको सिफारिस पत्र मन्त्रिपरिषद बैठकमा पेश गरेकी थिइन्। पूर्ववर्ती सरकारले अवकाश दिने निर्णय गरेपछि ती जर्नेलहरुले सरकारको निर्णयका बिरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्चले उक्त रिटमा अन्तरिम आदेश जारी गर्दै उनीहरुलाई तत्काल अवकास दिने निर्णय लागु नगर्न भनेको थियो।

अर्कोतर्फ एकीकृत नेकपा माओवादी र नेकपा माले क्रान्तिकारीबीच पार्टी एकता भएको छ। मालेबाट विद्रोह गर्दै एक दर्जन केन्द्रीय सदस्यहरुले गत माघमा माले क्रान्तिकारी गठन गरेका थिए। वामपन्थी ध्रुवीकरणको अभियानमा लागेको एकीकृत माओवादीले नवराज सुबेदी समुहसंग पनि एकीकरणको तयारी गरिरहेको माओवादी प्रबक्ता दीनानाथ शर्माले जनाकारी दिएका छन्।

उता प्रधानमन्त्री माधवकुमार नेपालले माओवादी अध्यक्ष प्रचण्डसंग भेट गरी सदनको अवरोध र आन्दोलन अन्त्य गरेर सरकार गठनमा सहयोग गर्न आग्रह गरेका छन्। जवाफमा प्रचण्डले राष्ट्रपतिको असंबैधानिक कदम फिर्ता गरेर नागरिक सर्वोच्चता कायम नभएसम्म र सदनमा दर्ता संकल्प प्रस्ताव माथि छलफल सुरु नभएसम्म आन्दोलन जारी रहने बताएका छन्।

## भूपू गोर्खालाई....

गोरखाहरुको भलाई नचाहने पात्रहरुको प्रतिनिधित्व गर्दै कुनैपनि निकायसँग सम्वन्ध नभएका गैर भूतपूर्व सैनिक डा. रामनारायण कन्दवाले आफूलाई गेसो केन्द्रीय अधिवेशन आयोजक समितिको स्वघोषित प्रवक्ता बताउँदै जबर्जस्ती भ्रम फैलाउने काम गरेकोले गेसोका युके शाखा कमिटीहरुले विज्ञप्तिमा भर्त्सना गरेका छन्।

चालिस हजार गोरखा भूतपूर्व सैनिक र तिनका परिवार जनले प्राप्त गर्न लागेको गास, बास खोसिएमा डा. रामनारायण कन्दङ्वा र उनका भरौटेहरु नै दोषि हुनेछन् भन्दै विज्ञप्तिमा आन्दोलनका लागि प्राप्त भइरहेको लिगल एड बन्द हुन गएमा र गोरखाहरुको बच्चाहरु र पेन्सनको मुद्दा अघि बढाउन नसकेमा डा. रामनारायण कन्दवाले नै त्यसको जिम्मा लिनु पर्ने वताइएको छ।

गेसो शाखा कमिटीहरुले सम्पूर्ण गोरखाली दाजुभाई दिदीबहिनीहरुमा यस्ता अपरिचित व्यक्तिहरुको भ्रममा नपर्न अनुरोध गरेका छन्।

गेसोको हालै सम्पन्न दोस्रो राष्ट्रिय महाधिवेशन अत्यधिक बहुमतका साथ ९७ प्रतिशत भन्दा बढी सदस्यहरुको समर्थनमा सफलतापूर्वक सुसम्पन्न भएकोमा सम्पूर्ण गोरखालीहरु समर्थन गरेको विज्ञप्तिमा उल्लेख छ।

विग्रेड अफ गोर्खाजको निर्देशनमा गोरखा भूतपूर्व सैनिक संघको कुनै पनि पदाधिकारीहरुका विरुद्ध वा गोरखाहरुको आन्दोलनलाई असर पुग्ने समाचारहरु सम्प्रेषण गरे वा गराइए यस्ता अपराधी षडयन्त्रकारीहरुको विरुद्ध गोखा भूतपूर्व सैनिक संघ थप सशक्त आन्दोलनमा उत्रन वाध्य हुने समेत विज्ञप्तिमा जानकारी गराइएको छ।

## नेपाली ....

छ। चुनावमा आ-आफ्नो पक्षमा मत बृद्धि गर्ने उद्देश्यका साथ सदस्य बृद्धि गर्नमा सक्रियता बढेको पाइएको छ।

संयोजक ढुङ्गानाले अधिवेशनका लागि नेपाली कांग्रेस पार्टीका केन्द्रीय समितिबाट अतिथी आउने निधो भएको भएता पनि को आउने भन्ने कुरा अझैसम्म एकिन हुन नसकेको बताउनुभएको छ। नेपालमा मन्त्रीमण्डलको विस्तारको अवस्थाले अधिवेशनमा आतिथ्यता ग्रहण गर्ने व्यक्तिको निधो हुन नसकेको पनि थाहा हुन आएको छ।

बेलायतमा जनसम्पर्क समिति सन् २००३ को फेब्रुअरीमा स्थापित भएको हो। संस्थाको प्रथम अधिवेशनमा नेपाली कांग्रेस पार्टीका उपसभापति सुशिल कोइराला उपस्थित हुनुहुन्थ्यो। जनसम्पर्क समिति, संयूक्त अधिराज्य नेपाली कांग्रेस पार्टीको भातृ संगठन हो।

## बुद्धपूर्णिमा ...

दिल्लीस्थित भिसा सेक्सनको मनोमानीले गर्दा नेपालीहरुले दुःख व्यहोर्नु परेको कुराप्रति चिन्ता व्यक्त गर्दै मगर संघले नयाँ दिल्लीमा सारिएको भिसा सेक्सन पुनः नेपालस्थित बृटिस राजदुतावास कै रेखदेखमा रहने गरी सारिनु पर्ने माग सम्वन्धित पक्ष सँग राखिसकेको जनाएको छ।

मगर संघले सबै पीडित पक्षबाट समेत सो माग राख्न आह्वान गरेको छ।

जुन १३ मा अल्डरशटको क्वीन्स एभेन्यु फुटवल मैदानमा सम्पन्न हुन गईरहेको उक्त ओपन एअर कन्सर्टलाई भव्यताका साथ सफल पार्न मगर संघ वेलायतका केन्द्रीय समिति गृहकार्यमा व्यस्त रहेको छ। सबैमा अग्रिम सूचना पुर्याउन र कलाकार नै नआउने पो हो कि भन्ने चिन्ता र शंकाबाट समेत ढुक्क भएर कार्यक्रममा आउने मनस्थिति बनाउन मगर संघले अपिल गरेको छ। गत शनिबार नै नेपालबाट ख्याति प्राप्त कलाकारहरु जगदिस समाल, रिता थापा र सुमन वुधा वेलायत अइसक्नु भएको र प्रचार प्रसारका साथै रिहर्सल धुमधामसँग भईरहेको संघले जानकारी दिएको छ।

दोहोरी खेल्न चाहने पुरुष तथा महिला सहभागीहरुले मगर संघमा सम्पर्क राख्न समेत मगर संघ केन्द्रीय समितिले अनुरोध गरेको छ।

पूर्व निर्धारित तालिका अनुसार नै सम्पूर्ण कार्यक्रमहरु सम्पन्न हुने, खाना पिनाको व्यवस्था, फार्नबरो मेनबाट पिकअप र ड्रपअफको व्यवस्था र अन्य बन्दोवस्त पनि सोही अनुरुप हुने अवगत गराउँदै शान्तिका अग्रदुत तथा नेपाली विभुति गौतम बुद्धको संझनामा आयोजना गरिएको बैशाख पूर्णिमा कार्यक्रममा सहभागी भई सबै वेलायतवासी नेपालीहरु एकठाउँमा जम्मा भई नेपालमा चीर शान्ति र सम्मृद्धिका लागि कामना गरौं भन्दै मगर संघले हिंसा र हत्याको मार्ग त्यागी शान्ति सँग बाँचौं र बाच्न दिऔं भन्ने अनुरोध गरेको छ।

## तमुधिँको ...

आआफ्ना राय राखेका थिए। सहायक कोषाध्यक्ष कुमार गुरुङ्गले आयव्यय आर्थिक बजेट प्रस्तुत गर्नु भयो। विगतको टुर्नामेण्टको दाँजोमा यस वर्ष संस्थाले बढी रकम करिव २३ हजार ६८८ पाउण्ड उठाउन सफल रहेको र राफल ड्रको रकम आउन बाँकी रहेको जानकारी दिनु भयो।

स्पोर्टस सेक्रेटरी क्या. बालकृष्ण गुरुङ्गले पहिलो अनुभवले गर्दा केही ढिलाई र कमजोरी भएको प्रति सहमत रहेपनि समग्र रुपमा खेल सफलताका साथ सम्पन्न गराउनमा आफूलाई सहयोग पुर्याउनेहरु प्रति आभार प्रकट गर्नु भयो। आगामी वर्ष टिम घटाउन नहुने र पूर्वाधमा नै राम्रो तयारी, भौतिक सामाग्रीको व्यवस्था र कम्युनिकेशन तथा लाउडस्पिकर प्रभावकारी हुनु पर्नेमा उहाँले जोड दिनु भयो। अतिथि सत्कारमा जुटेको चार भन्ज्याङ्ग तमु समाजको तर्फबाट कोअर्डिनेटर चन्द्रबहादुर गुरुङ्गले आफ्नो अनुरोध पत्रलाई स्वीकार गर्दै ९० प्रतिशत पाहुना तथा अतिथिहरुलाई गोर्खा कपमा भित्र्याउन सफल रहेको, सकारात्मक सम्वन्ध सुदृढ भएको र प्रथम पटक गोर्खा कपमा ठूलो संख्यामा अतिथि भित्र्याउन सबैको सहयोगबाट सफल रहेको बैठकमा राख्नु भयो।

आफूलाई सहयोग गर्ने चार भन्ज्याङ्गका अध्यक्ष नारायण गुरुङ्गले सेक्रेटरी ज्ञाम गुरुङ्ग, सल्लाहकारहरु डेभिड गुरुङ्ग, ओम गुरुङ्ग बीइएम, क्या. डेनबहादुर गुरुङ्ग, मोहन गुरुङ्ग तथा क्युजि सिग्नल्सका पाइपरलाई धन्यवाद दिनु भयो।

गोर्खा कप समग्रमा पूर्ण सफल रहेको र काम गर्दा केही कमी कमजोरी भएको कुरामा आफू सहमत रहेको कन्ट्रोल कोअर्डिनेटर तथा उक्त दिनको सेक्रेटरियट टिमका प्रमुख मे. खुशिमान गुरुङ्गले वताउनु भयो। विगतका अनुभव बटुली सकेका मेजर गुरुङ्गले कन्ट्रोल टेन्टमा एम्बुलेन्स हुनुपर्ने, कम्युनिकेशन तिब्र पारिनु पर्ने र ससाना चुहावट, फजुल खर्चहरुमा सुधार गरिनु पर्ने लगायतका सुझाव राख्दै कन्ट्रोलमा मद्दत पुर्याउने भक्त गुरुङ्ग, रामकुमार गुरुङ्ग, पुष्पा गुरुङ्ग, ले. कुसाङ गुरुङ्ग, क्या. बालकृष्ण गुरुङ्ग तथा युवान गुरुङ्गलाई धन्यवाद दिनु भयो।

त्यसैगरी अर्का कन्ट्रोल सञ्चालक भक्त गुरुङ्गले नाफा भन्दा पनि सकारात्मक सन्देश संसार भरी फैलाउन सफल रहेको र खेल मार्फत युवा जागृति र चेतना जगाउन तमुधिँ युके सक्षम छ भन्नेमा वेलायतवासीको दुई मत नभएको दावी गर्दै भविष्यमा कसरी प्रभावशाली र समानुकुल परिचालन गर्न सकिन्छ भन्ने तिर वेलैमा सोच्नु पर्नेमा बताउनु भयो।

विभिन्न इकाईका प्रतिनिधि तथा अध्यक्षहरुले मन्तव्य प्रस्तुत गर्नु भएको थियो। ड्रिंक्स स्टलका कोअर्डिनेटर तथा सल्लाहकार श्रीमति जगना गुरुङ्गले पनि सहयोगी, सबैमा धन्यवाद दिँदै राम्रो र मुनाफा कमाउन सफल रहेकोमा आफू खुसी रहेको वताउनु भयो।

मध्यान्तर पछिको बैठकको सञ्चालन महासचिव सूर्य गुरुङ्गले सञ्चालन गर्नु भएको थियो। यस छलफलमा अध्यक्ष गुरुङ्गले खेललाई पूर्ण सफल बनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनु हुने कोअर्डिनेटर, कार्यसमिति र सल्लाहकारहरु, विविध क्षेत्रका प्रवुद्ध व्यक्तित्वहरु, अल्डरशट ग्यारिजन, ह्याम्पसायर पुलिस, प्रचार प्रशारणमा सहयोग पुर्याउने मिडिया पत्रकारहरु, लाईभ ब्रोडकाष्ट गर्नुहुने बीएफबीएस गोर्खा रेडियो युकेका महाप्रवन्धक खेम गुरुङ्ग, सहयोगी विनोद खड्का, योगराज राई, आशा पुन र श्रीस सुनुवार, नेपाली टीभीका विजय थापा, मोहन गुरुङ्ग, राजेन्द्र, दिपक गुरुङ्गलाई धन्यवाद दिनु भयो।

नेपाली मिडियामा संलग्न पत्रिकाहरु नेपाली सन्देश, एभरेष्ट टाइम्स, नेपाली पत्र, नेपाली समाज डटकम, गोर्खा डट कम, गजवको डट कम, एचके नेपाल डट कमलाई पनि समाचार प्रशारण गरेकोमा धन्यवाद अध्यक्ष गुरुङ्गले धन्यवाद दिनु भयो। गोर्खा प्रिमियम वियरका हरि केसी, सुरेन्द्र श्रेष्ठ, माइकल उसार, टि.ए.का प्रवन्धक क्याप्टेन तिर्थ गुरुङ्गलाई आयोजकका तर्फबाट अध्यक्षले धन्यवाद दिनुभयो।

छोटो समयमा भावि कार्यक्रम बारे प्रस्तावको बैठकले समर्थन गर्‍यो। आगामी वर्षको गोर्खा कप ९ मे २०१० मा, तमु ल्होसार २ जनवरी २०१० मा, नेपाल मेला ८ अगष्त रिचमोण्ड स्पोर्टस कम्प्लेक्समा, च्यारेटी डिनर १ नोभेम्वर रेडिङ्गमा गरिने तथा तमु प्रतिष्ठानको जिम्मा संस्थापक अध्यक्ष मिन गुरुङ्गलाई दिइएको तमुधिँ सम्वाददाता तथा सेक्रेटरी ज्ञाम गुरुङ्गले जानकारी दिनु भयो। आगामी नेपाल मेला तथा समर बीबीक्यु मेलाको कोअर्डिनेटर उपाध्यक्ष मुक्षेत्र गुरुङ्ग, तमु ल्होसार २०१० को कोअर्डिनेटर कोषाध्यक्ष दिलिप गुरुङ्गलाई जिम्मा दिइएको छ। समिक्षा छलफलमा प्रमुख सल्लाहकार डा. चन्द्रबहादुर गुरुङ्ग, क्या. प्रेमबहादुर गुरुङ्ग, मे. खुशिमान गुरुङ्ग, क्या. डेमबहादुर गुरुङ्ग, ले. यादव गुरुङ्ग, उपाध्यक्ष ह्याम्पसायर, संस्थापक अध्यक्ष मिनप्रसाद गुरुङ्ग, सल्लाहकार तथा एनआरएन उपाध्यक्ष सूर्य गुरुङ्ग, कमल गुरुङ्ग, जगना गुरुङ्ग, रोहित गुरुङ्ग, तारा गुरुङ्ग, पुष्पा गुरुङ्ग, ह.ले. चन्द्र गुरुङ्गले संस्थाको हितबारे र टुर्टामेन्टको सफलता बारे सुझावहरु पेश गर्नु भएको थियो। तमुधीँको अर्को बैठक आगामी जुलाई ५ गते आइतबार आफनै सभाकक्ष मिचेटमा आयोजना गर्ने जानकारी दिएको छ।

## लण्डनमा ...

सफलिभुत पार्नका लागि वेलायतमा बसोबास गरेका सम्पूर्ण नेपालीहरुको अहम् भूमिका हुने कुरामाथि जोड दिनु भएको थियो।

कार्यक्रममा वेलायतका विभिन्न ठाउँमा बसोबास गर्दै आउनु भएका करिव ७० जनाको उपस्थिति थियो। कार्यक्रमलाई सफल पार्नका लागि ओरियण्टल वफेका रेष्टुरेण्ट व्यवसायी माधवलाल श्रेष्ठ, रेक्स एअरका पुष्प थापा तथा नेपाल आइस वियरका किशोर सापकोटाले सहयोग गर्नु भएको थियो।

कार्यक्रमको सञ्चालन नेपाली दुतावास लण्डनका सहचारी खिमानन्द भुसालले गर्नु भएको थियो।

## लण्डनको ..

विकृति बढेको बताउने चौधरी भन्छन् ‘पुराना गीतहरु एक पटक सुन्दा पनि जिब्रोमा झुण्डिन्थे तर अहिलेका गीत त धेरै पटक सुन्दा पनि याद हुँदैन।’ कुनै गीत किन राम्रो लाग्छ र कुनै गीत किन मन पर्दैन भन्ने केही मेसो नभएको मलाई पनि उनको कुरा सत्यतामा आधारित लाग्यो।

गीत र संगीतको प्रशङ्ग प्रविधिसँगै जोड्ने विषय उठान गरेपछि नेपालमा ‘सन् १९८० का दशकबाट सुरु भएको रेकर्डिङको त्यो अवस्था अहिलेको प्रविधिसँग तुलना नै गर्न सकिन्न’ भन्ने उनको भनाई थियो। त्यतिबेलाको स्टुडियोका रेकर्डिङ मुटुसँगै गाँसिएको हुन्थ्यो भन्छन् उनी - ‘अहिले त प्रविधिले रेकर्डिङमा विग्रिएको पनि सपारिदिन्छ। त्यो वास्तविकता रहेन अव।’ त्यसैले अति धेरै प्रविधि प्रयोग उनलाई भने मन परेको रहेनछ। प्रविधिले मौलिकता भन्दा आधुनिकतालाई बढाइरहेको उनको गुनासो छ र भन्छन्- ‘तर उपभोक्ताहरुका लागि भने प्रविधिले झन क्वालीटी बढाएको छ।’

मैले प्राप्त गरेका उनका एल्वमहरु हेर्ने र सुन्ने प्रयास गरेँ। उनले भनेको साँच्चै रहेछ। मैले कुनै गीतको बोल पनि मेरो जिब्रोमा बसेको पाइन। लामो यात्रापछि घर पुग्दा बसचालकलाई बिर्सेजस्तै ती बोलहरुलाई बिर्सनु मेरो गीत र संगीतप्रतिको ज्ञानको कमी हुनु पर्छ। तर आम श्रोता र उपभोक्ताहरुलाई संगीतको लयमा भएको मेलोडीसँग मतलव हुँदैन। उसलाई त त्यो गीतले मुटु छोयो कि छोएन भन्नेसँग मात्र मतलव हुन्छ।

उनले सर्वसाधारणसम्म पुग्ने शब्द पस्किनका लागि खर्च गरेका समयको मुल्य धेरै महंगो छ। त्यसमाथि चर्चित र सफल सँगीतकार न्ह्यू बज्राचार्यको संगीतमा त झन जानकारहरुले समेत दोष दिने ठाउँ नै छैन। समाज सेवाको लागि समय खर्चन नहिच्किचाउने बसन्त चौधरी नेपालको पर्यटन विकासमा सगरमाथाको महत्वभन्दा पशुपतिको महत्व कम भन्न नमिल्ने तर्क गर्छन्। चार धाम पुर्याउन पशुपति पुग्नैपर्ने मान्यताको विश्वभरिका हिन्दुहरुमध्ये एक प्रतिशत मात्र नेपाल भित्र्याउन सके पनि देशको अर्थतन्त्र सुध्रन्छ भन्ने धारणा छ उनीमा।

नेपालका सम्भ्रान्तहरुलाई विश्वस्तरको उपचार उपलव्ध हुने नर्भिक अस्पताल बनाउन योगदान पुर्याउने वसन्त चौधरीका गीतका बोली गाउँका हेल्थपोष्टमा पनि उपचार पाउन नसक्ने ग्रामिण जनतासम्म रेडियोको सहाराले पुगेकै छन्। एल्वम किनेर गीत सुन्न सक्ने क्षमता नभएका नेपालीहरुमाझ पनि वसन्त चौधरीका गीतहरु गुञ्जिएका छन्। फाली फुत्केर खुट्टा काटेपछि छाहारीमा विसाएको हली रेडियोमा उनका गीत सुन्दा रमाउला कि नरमाउला भन्न सक्तिन। तर होलीडेमा गएका लाहुरेले एल्वम किनेर ‘साँझ छ एकान्त छ मदिराको साथ छ’ भन्ने जस्ता गीत सुन्दा चाँहि पक्कै रमाउने छन्।

## बेलायतमा ...

हालतमा सङ्किन पुगेका रोसन राई तन्दुरुस्त हुन करिव एक महिना लाग्ने परिचारकको अनुमान छ। घाइतेको लागि यातायात र हलचलको सहयोगमा बल राई र बिर्ख राईले सराहनीय सहयोग पुर्याउनु भएको छ। घाइते खेलाडीलाई तन्दुरुस्तिको अवस्था नपुगेसम्म टीएनजीसीले आर्थिक सहयोगको साथसाथै अभिभाभकीय हेरदेख गर्ने अनौपचारिक तर विश्वासिलो निर्णय गरी सकेको छ।

## साताका समाचारहरु

**जुन २, मंगलबार**

- चुरेभावर राष्ट्रिय एकता पार्टीद्धारा सरकारले एक मधेस एक प्रदेशलाई मान्यता दिए सरकारलाई दिइएको समर्थन फिर्ता लिने चेतावनि।
- एकीकृत नेकपा माओवादीको बिरोधपछि संसद् बैठक अवरुद्ध।

**जुन ३, बुधबार**

- सरकार सञ्चालनको साझा न्यूनतम कार्यक्रममा वर्तमान सरकारमा सामेल रहन प्रतिबद्धता व्यक्त गरेका २२ दलका शीर्ष नेताहरूले हस्ताक्षर।
- दाङ जिल्लाको कोइलाबासलगायत नेपालका विभिन्न सीमाक्षेत्रमा भारततर्फबाट भइरहेको अतिक्रमणका विरूद्धमा विभिन्न पाँच कमयुनिष्ट पार्टीद्धारा नेपालस्थित भारतीय दूतावासमा धर्ना

**जुन ४, बिहीबार**

- मन्त्रीमण्डलको बाँडफाँटमा विजयकुमार गच्छेदारलाई उपप्रधान तथा भौतिक योजना तथा निर्माण मन्त्रीर सुजाता कोइरालालाई परराष्ट्र मन्त्रीमा नियुक्त।
- नेपाल टेलिकमको कार्यालय नवलपरासीमा स्थानीयवासीद्धारा अनिश्चितकालिन तालाबन्दी।

**जुन ५, शुक्रबार**

- काठामाडौंको एक चर्चमा भएको बम विष्फोटको घटनापछि देशभरीका विभिन्न मन्दिर, मस्जिद, चर्च र गुम्बालगायत धार्मिक स्थालमा प्रहरीद्धारा अनुसन्धान र सुरक्षा निगरानी सुरु।
- क्षेत्रिय प्रहरी तालिम केन्द्र नेपालगंजमा कार्यरत परिचर ईन्द्र भण्डारीको नजिकैको नालीमा डुबेर मृत्यू।

**जुन ६, शनिबार**

- कपिलवस्तुको चनै गाविस खरेन्द्रपुर बाँसवारी छाला उद्योग नजिक भारतीय नागरिकको अज्ञात समूहद्धारा गोली हानी हत्या।
- संविधानसभा राष्ट्रिय हित संरक्षण समितिद्धारा भारतीय सीमा सुरक्षा बलबाट दाङको सीमामा नेपाली नागरिकमाथि भएको ज्यादति र सीमा अतिक्रमणबारे स्थलगत अवलोकन गर्ने निर्णय।

**जुन ७, आइतबार**

- मन्त्रालय बाँडफाँडमा सहमति कायम गर्न प्रधानमन्त्री माधावकुमार नेपाल र कंग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबीच भेटबार्ता।
- सर्वोच्च अदालतमा नवगठित सरकारले तीन वर्षका लागि ८ जर्नेलको म्याद थप गरेको निर्णय बदर गर्न माग गर्दै रिट दायर।

**जुन ८, सोमबार**

- तामाङ मुक्ति मोर्चाको बन्दका क्रममा भएको पार्टी कार्यालय तोडफोडविरुद्ध माओवादीद्धारा काभ्रेको बनेपामा प्रदर्शन ।
- क्रान्तिकारी बाम घटक संगठन रिभोलुसनरी लेफ्ट विंगका असन्तुष्ट पक्ष माओवादीमा प्रबेश।

## बेवारिसे बमको त्रास

कपिलवस्तु / जिल्ला प्रहरी कार्यालय किनारमै रहेको सागरतालमा बेवारिसे ३ वटा बम फेला परेको छ। आइतवार बिहान पोखरी सुकाउने क्रममा मजदुरहरुले उक्त ३ वटा सकेट बम फेला पारेका थिए। बम फेला परेपछि त्यस क्षेत्रको वातावरण केही बेर त्रासपूर्ण बन्न पुगेको थियो।

जिल्ला प्रहरी कार्यालयले भने २०६२ चैत्र २५ गते भएको माओवादी आक्रमणका बेला उक्त बम फालिएको हुन सक्ने बताएको छ। फेला परेका ती बमलाई प्रहरीले नियन्त्रणमा लिई निश्कृय गरेको छ।

## ग्लास्गोमा नेपाली महिलाको हत्या भएको आशंका

ग्लास्गो, ९ जुन/ग्लास्गोको प्रहरीले २१ वर्षकी एक नेपाली केटीको शव फेला पारेको जनाएको छ। शनिबार अपरान्ह १ बजे फेला परेको उक्त शव खुसवु शाहको भएको वताइएको छ। खुसवु शाह एक हप्ता अघि हराएको र यस सम्वन्धमा प्रहरीलाई उजुरी दिइएको बुझिएको छ।

ग्लास्गो स्थित क्यालेडोनिया विश्वविद्यालयकी विद्यार्थी शाहको शव झाडीमा फेला परेको थियो। विश्वविद्यालयमा एकाउण्ट विषयमा अध्ययन गर्दै आएकी शाह विगत ४ वर्षदेखि वेलायतमा बसोबास गर्दै आएकी थिइन्।

फिर्ति यात्रामा आफ्ना छोराहरूले कप र तक्मा मुठ्याउन पाएकोमा आमाहरूले हर्षविभोरसाथ एकै स्वरमा ‘झ्याम्मै चौतारी, माया लाउँ भने छैन दौंतरी’ र अनेकौं अन्य गीत घन्काएका थिए। माया लाउनको लागि दौंतरीको खोजिमा त को नै थिए र त्यस बसमा तर खुसीले जुन गीत फुर्थ्यो ओठमा, त्यही गाएका थिए।

उक्त खेल सहभागिता यात्राको यातायात व्यवस्था खेलकुद संयोजक रामजी राई, सहभागी गणना वा नामसूचि खानपान संयोजक वीर तामाङ र जलपान तथा खाजानास्ता दीपक तुम्बापोले गर्नु भएको थियो। उक्त व्यक्तिहरूको व्यबस्थापन ज्यादै सराहनीय रहेको थियो।

Are you looking to buy your first home?
To move house?
Are you paying too much for your existing mortgage?
Not sure what to do? We can help!!
Call Anil now on: 07984011181
or, 02089040370
The Wright Mortgage Company
wrightmortgageco@btconnect.com
Your home may be repossessed if you do not keep up repayments on your mortgage.
We normally do not charge a fee for mortgage advice. However a fee paying option is available. Our typical fee is £499. The Wright Mortrage Company is an appointed representative of Personal Touch Financial Services Ltd which is authorised and regulated by The Financial Services Authority.

दु:खले कमाएको पैसा ढुक्कसँग पठाउनुहोस्।
Tel: 0207 7002134
Mob: 07984713677
IME International Money Express
Please contact:
Kamal Paudel/Muna Paudel
IME Ltd
Pentax House, South Harrow
Middlesex, HA2 0DU

के तपाई स्कटल्याण्ड घुम्न आउँदै हुनुहुन्छ ?
एडिनवराको सेन्टरमा अवस्थित घर छोटो अवधिको बसाईकोलागि खाली छ।
सम्पर्क: 07812759346
07867891783